# राइनास नगरपालिकाको अन्तरिक राजस्व सुधार कार्ययोजना निर्माणका लागि

Prakashraj Poudel
Chief Administrative Officer

Rainas Municipality
Office of the Municipal Executive
Tinpiple, Lamjung
Gandaki Provience, Nepal
2017

## कार्यक्षेत्रगत शर्त
## २०८०

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तीनपिप्ले, लमजुङ ।

# विषय सूची

१ पृष्ठभूमि .................... 3
२. औचित्यः .................... 3
३उद्देश्य . (Objective) .................... 4
४ प्रस्तावित कामको कार्यक्षेत्र .(दायरा) .................... 4
५राजश्व सुधार कार्ययोजना. तर्जुमा विधी तथा प्रक्रिया .................... 4
६परामर्शदाता  संस्थाले सम्पन्न गर्नुपर्ने कार्यहरु . .................... 6
७परामर्शदाता संस्थाको योग्यता र अनुभव .................... 6
९परामर्शदाता संस्थाले बुझाउनु पर्ने प्रतिवेदन तथा कागजातहरु .................... 7
१०अनुगमन तथा गुणस्तर नियन्त्रण .: .................... 8
११कामको . स्वामित्व .................... 8

Prakashraj Poudel
Cheif Administrative Officer

Rainas Municipality
Office of the Municipal Executive
Tinpiple, Lamjung
Gandaki Provience, Nepal
2017

## १ पृष्ठभूमि

नेपालको संविधान, २०७२ जारी भएसँगै मुलुकमा संघ, प्रदेश र राइनास नगरपालिका गरी तीन तहका सरकारका शासन प्रणाली कार्यान्वयनमा छन्। प्रभावकारी ढंगले शासन सञ्चालनको लागि संविधानमा नै हरेक तहका सरकारका काम, कर्तव्य, अधिकार र जिम्मेवारीहरू बाँडफाँट गरिएको छ । यस सन्दर्भमा संविधानले नै वित्तीय संघीयताको आधारशिला खडा गरी सबै तहका सरकारका लागि एकल र साझा अधिकारका सूची अनुसार राजस्व सङ्कलन र खर्चको जिम्मेवारी सुम्पेको छ । यसरी तीनै तहको सरकारसँग कानून बनाउने, बजेट तथा योजना तयार गर्ने र आफ्नै स्रोत परिचालन गर्ने कानूनी अधिकार निहित रहेको पाइन्छ। तसर्थ, सबै राइनास नगरपालिकाहरूले समान किसिमले करको दर तोक्ने, संस्थागत र मानव क्षमता निर्माण गरी आफ्नै राजस्व श्रोतहरूको प्रभावकारी परिचालन गर्न सकेमा जनताका चाहना तथा आवश्कताहरू परिपूर्ति गर्न सहज हुने देखिन्छ ।

संविधानको अनुसूची ८ मा राइनास नगरपालिकाका राजश्व सङ्कलनका लागि एकल क्षेत्राधिकारको सूची कायम गरिएको छ। उक्त संवैधानिक व्यवस्था अनुरुप राइनास नगरपालिकाहरूले मूलतः २ प्रकारका राजश्वका श्रोतहरुः कर र गैरकर पहिचान गरी कर तथा शुल्क निर्धारण एवं सङ्कलन गरी आफ्नो आवश्यकता अनुसार खर्च, दैनिक कार्य सञ्चालन तथा सेवा प्रवाह गर्ने सक्ने प्रावधान रहेको छ । यसैगरी , संघ, प्रदेश र राइनास नगरपालिकाले राजस्व सङ्कलन गर्ने, राजस्व बाँडफाँड गर्न सम्बन्धी व्यवस्थाका लागि स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ लगायत संघीय ऐन, प्रादेशिक ऐन र सम्बन्धित राइनास नगरपालिकाको ऐन नियमहरूमा समेत थप व्यवस्था भएको देखिन्छ । अतः यस राइनास नगरपालिकाले कर राजस्वको दर निर्धारण, सङ्कलन तथा बृद्धि के कसरी गर्ने भन्ने सम्बन्धमा निश्चित योजना तर्जुमा गरी कार्यान्वयन गर्न गर्नका लागि यस नगरपालिकाको **३ बर्षे आन्तिरक राजस्व सुधार कार्ययोजना तर्जुमा** गर्नका लागि परामर्श सेवा खरिद गर्न योग्य तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका परामर्शदाता संस्था छनौट गर्ने प्रयोजनको लागि प्रस्ताब पत्र माग गर्न यो कार्यक्षेत्रगत शर्त तयार गरिएको छ ।

## २. औचित्यः

नेपालको संविधान (भाग १९) मा आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा राइनास नगरपालिकालाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप राइनास नगरपालिकाहरूले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर संकलनका आधारभूत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । स्थानीय सरकारलाई वित्तीय रुपमा सवल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने, राइनास नगरपालिकामा सार्वजनिक सेवाहरू उपलब्ध गराउने, राइनास नगरपालिकाका विकास निर्माण कार्य संचालन गर्ने तथा राइनास नगरपालिकामा सुशासनको प्रत्याभूति गराउने पनि हो । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण लाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्नसक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, सरल,

Prakashraj Poudel
Chief Administrative Officer

Rainas Municipality
Office of the Municipal Executive
Tinpiple, Lamjung
Gandaki Provience, Nepal
2017

पारदर्शी र मितब्ययी हुने गरी कर लगाउन, साथै नागरिकलाई सुविधा हुने गरी असुल गर्न, स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न, र कर लगाउँदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्ययोजनाको निर्माण अपरिहार्य छ ।

### ३. उद्देश्य (Objective)

यस परामर्श सेवाको मुख्य उद्देश्य राइनास नगरपालिकाहरूको प्रभावकारी राजश्व सङ्कलन तथा परिचालनका सुझावहरू सहितको त्रि-वर्षिय राजश्व सुधार कार्ययोजना/प्रतिवेदन तयार गर्नु रहेको छ । भने यसका निर्दिष्ट उद्देश्यहरू निम्न प्रकारका रहेका छन् ।

३.१ नगरपालिकाहरूको आन्तरिक आय तथा राजश्व सम्बन्धी संवैधानिक तथा कानूनी प्रावधानहरूको समीक्षा गर्ने ।

३.२ नगरपालिकाहरूको आन्तरिक आय तथा राजश्वको वर्तमान अवस्था र श्रोतहरूको विश्लेषण एवं लेखाजोखा गर्ने र बृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।

३.४ नगरपालिकाहरूको वैज्ञानिक ढंगले आगामी ३ वर्षको शीर्षकगत राजश्व अनुमान तथा प्रक्षेपण गर्ने ।

३.५ नगरपालिकाहरूको आन्तरिक राजश्व सुधार रणनीति तथा प्रभावकारी राजश्व प्रशासनका लागि कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

### ४. प्रस्तावित कामको कार्यक्षेत्र (दायरा)

परामर्शदाता संस्थाले राइनास नगरपालिकाको आन्तरिक राजसुव सुधार कार्ययोजना तयार गर्ने क्रममा सहभागितामूलक विधि र प्रक्रियाहरू प्रयोग गर्नुपर्नेछ। यस नगरपालिकको आन्तरिक राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा परामर्शदाता संस्थाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रयले तयार गरेको **गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन२०७६,** मा दिएको ढाँचामा दिग्दर्शन बमोजिम सहभागितात्मक विधि तथा प्रक्रिया अपनाई अगामी ३ वर्षको राजस्व सुधार कार्ययोजना प्रतिवेदन तयार गर्नुपर्नेछ ।

### ५.राजश्व सुधार कार्ययोजना तर्जुमा विधी तथा प्रक्रिया

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा परामर्शदाताले निम्नानुसारका विधि र प्रक्रिया अनुसार कार्य सम्पन्न गर्नुपर्नेछ ।

#### ५.१ तयारी तथा समन्वयः

परामर्शदाता संस्थाले राजश्व सुधार कार्ययोजना तर्जुमाका लागि सम्झौता भएको १ हप्ता भित्र नगरपालिकालाई आफ्नो कार्ययोजना सहितको प्रारम्भिक प्रतिवेदन पेश गरेपछि कार्य प्रारम्भ गर्नुपर्नेछ । नगरपालिकाको ले तोकीदिएको सम्पर्क व्यक्ति तथा राजस्व परामर्श समितिसँग सम्पर्क तथा समन्वय गरी आवश्यक कार्यसमूह निर्माण, सन्दर्भ सामग्रीहरू सङ्कलनका लागि आवश्यक पुर्व तयारी तथा छलफल गर्नुपर्नेछ । साथै, संस्थाले आफुले प्रस्ताव गरेका परामर्शदाताहरू परिचालन गरी राजश्व सुधार

कार्ययोजना निर्माणका लागि नगरपालिकाको कार्यपालिका,  राजस्व परामर्श समितिका पदाधिकारी, कर्मचारीहरू, नागरीक समाज तथा निजीक्षेत्रहरू समेतका पदाधिकारीहरूलाई क्रियासिल गराउन भुमीका खेल्नु पर्नेछ ।

## ५.२ अभिमुखीकरण कार्यशालाको आयोजनाः

सेवा प्रदायक संस्थाले राइनास नगरपालिकाको राजस्व परामर्श समितिको समन्वयमा २ दिनको राजश्व सम्बन्धी अभिमुखीकरण कार्यशाला आयोजना तथा संचालन गर्नु पर्नेछ । कार्यशाला संचालन गर्दा माथि उल्लेख गरिएको दिग्दर्शन बिषयबस्तुहरू चयन गरी अभिमुखीकरण गर्नुपर्नेछ । यस अभिमुखीकरण कार्यक्रममा नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरू, राजश्व परामर्श समितिका पदाधिकारीहरू, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका पदाधिकारीहरू, शाखा प्रमुखहरू, राजश्व सङ्कलनमा संलग्न कर्मचारीहरू, राजस्व परामर्श समितिको सदस्यहरू तथा करदाता प्रतिनिधिहरू समेतलाई आवश्यकता अनुसार सम्लग्न गराउनु पर्नेछ । उक्त कार्यशालामा राजस्व सम्बन्धी कानूनी ब्यवस्था, राइनास नगरपालिकाको राजस्व सङ्कलनको वर्तमान अवस्था (राजश्व प्रशासन, आय अवस्था, आर्थिक ऐन, मुख्य सवालहरू), सङ्कलन गर्नु पर्ने आवश्यक तथ्याङ्कहरू, राजस्व सुधारका लागि गर्नुपर्ने कार्यको पहिचान आदि प्रस्तुति तथा छलफल गर्नु पर्नेछ ।

## ५.३ सूचना एवं तथ्याङ्क सङ्कलन तथा विश्लेषण

अभिमुखीकरण सम्पन्न गरी सकेपछि परामर्शदाताहरूले राइनास नगरपालिकामा उपलब्ध संस्थागत सूचना तथा तथ्याङ्कहरू, राइनास नगरपालिकाको नीति तथा कार्यक्रम र बार्षिक बजेट, आर्थिक ऐनहरू, राजस्व सम्बन्धी कानूनहरू, भौतिक तथा वित्तीय प्रगति विबरणहरू तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, राजश्व प्रशासन तथा सङ्कलनका रणनीतिहरू, संभाव्यता अध्ययन प्रतिवेदनहरू अध्ययन विश्लषेण तथा सरोकारवाला (निर्वाचित जनप्रतिनिधि, सम्बन्धित शाखाका कर्मचारीहरू, वडा, उद्योग बाणिज्य संघ, होटल व्यवसायी, पेशागत संघ आदि) पक्षहरूसँग अनिवार्य रुपले छलफल तथा बैठक गरी दिग्दर्शनको दफा ८ सँग सम्वन्धित अनुसुची १,२, र ३ अनुरुप  सूचनाःतथ्याङ्क प्राप्त गर्ने र सोको विश्लेषण गर्नुपर्नेछ ।

## ५.४ राजस्व सुधार कार्ययोजना तयारी कार्यशाला

तथ्यांकको विश्लेषण पश्चात अनिवार्य रुपमा सवै सरोकासवालहरुलाई राखि राजस्व सुधार कार्ययोजना निर्माणको लागि कायर्शाला आयोजना गर्नुपर्नेछ । यस कार्शालामा माथि बुँदा नम्वर ५.३ मा उल्लेख गरेको विश्लेषण माथि सरोकारवालसँग छलफल गरि राजस्व सुधार कार्ययोजना तथा ३ बर्षको राजश्व प्रक्षेपण दिग्दर्शनको अनुसूची ४ बमोजिम गर्नुपर्नेछ ।

## ५.५ प्रतिवेदन तयारी

गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन२०७६, मा तोकिएको ढाँचामा योजनाको मस्यौदा तयार गरी कार्यपालिका सदस्य तथा अन्य सरोकारवालाहरू सहितको उपस्थितिमा १ दिनको गोष्ठी आयोजना गरी  राजश्व सुधार कार्ययोजनाका मुख्य मुख्य बिषयहरूमा प्रस्तुतिकरण, थप छलफल र सुझाव सङ्कलन गर्नुपर्नेछ । तत्पश्चात मस्यौदामा सुधार गरी पृष्ठपोषण र सुझावको लागि गण्डकी प्रदेश प्रसिक्षण प्रतिष्ठान र प्रतिष्ठान मार्फत संघीय मामिला तथा सामान्य प्रशासन

मन्त्रालयमा अनिवार्य रुपमा पठाई तहाँबाट प्राप्त पृष्ठपोषण र सुझावहरू समेटी मस्यौदा प्रतिवेदनलाई आवश्यक परिमार्जन गरी अन्तिमरुप प्रदान गर्नुपर्नेछ ।

**६. परामर्शदाता संस्थाले सम्पन्न गर्नुपर्ने कार्यहरु**

माथि बुदाँ नम्वर ५ मा उल्लेखित विधि र प्रकृया पुरा गरि द्विपक्षीय सम्झौतामा आधारित भएर **गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन२०७६,** को दफा ८.६ ले उल्लेख गरेको ढाँचा तथा विषयवस्तुमा यस नगरपालिकाको ३ बर्षे आन्तरिक राजस्व सुधार कार्ययोजना तयार गरि सोको प्रिन्टेड प्रति ३ र विद्युत्तीय प्रति यस नगरपालिका मा पेश गर्नुपर्नेछ ।

Prakashraj Poudel
Cheif Administrative Officer
Rainas Municipality
Office of the Municipal Executive
Tinpiple, Lamjung
Gandaki Provience, Nepal
2017

**७. परामर्शदाता संस्थाको योग्यता र अनुभव**

**७.१ परामर्शदाता संस्थाको योग्यता**

परामर्शदाता संस्थासँग संस्थागत राजश्व प्रक्षेपण, राजश्व सुधार कार्य योजना निर्माण वा राजश्व क्षमता विकास वा राजश्व व्यवस्थापन सम्बन्धी नीतियोजना तर्जुमा कार्य गरेको कम्तिमा ३ वर्ष कार्य अनुभव भएको हुनु पर्नेछ । साथै, संस्थासँग यथेष्ट योग्य जनशक्ति, उपकरण लगायत परामर्शदाताहरू परिचालन गर्न सक्ने अनुभव हुनुपर्नेछ । आवेदक परामर्शदाता सार्वजनिक खरिद सम्बन्धी कानूनले योग्य मानेको परामर्शदाता संस्था, फर्म वा कम्पनी यस परामर्श सेवाको लागि योग्य मानिनेछ । सेवाप्रदायक संस्थासँग यस कार्य सम्पदानको लागि देहाय बमोजिमको जनशक्ति हुनु पर्नेछ तर व्यक्तीगत परामर्शदाताहरुले (VAT मा दर्ता भएका) समेत राजस्व सुधार कार्ययोजना विकासको लागि आवेदन दिन सक्नेछन् ।

**७.२ विज्ञ टोली तथा टोली सदस्यहरुको योग्यता तथा अनुभव**

परामर्शदाता संस्थाले निम्नानुसारको विज्ञ टोलीको व्यवस्था एवं परिचालन गर्नु पर्नेछ ।

क) **टोली प्रमुख/सार्वजनिक वित्त व्यवस्थापक (१ जना):** मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्य शास्त्र वा व्यवस्थापन वा सार्वजनिक प्रशासन वा समाजशास्त्र वा अन्य सम्बन्धित बिषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई सार्वजनिक वित्त व्यवस्थापन वा राजस्व नीति तथा प्रशासन सुधार वा राजश्व सुधार सम्बन्धी कार्ययोजना तर्जुमा, अध्ययन तथा अनुसन्धान जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । साथै टोली परिचालन, नेतृत्व र समन्वय गर्न सक्ने सीप भएको।

ख) **टोली सदस्य/राजश्व विज्ञ (१ जना) :** मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्र वा वाणिज्य शास्त्र वा व्यवस्थापन वा सार्वजनिक प्रशासन वा समाजशास्त्र, तथ्याङ्क शास्त्र वा अन्य सम्बन्धित बिषयमा बिषयमा कम्तिमा स्नातक तह उत्तीर्ण भई सार्वजनिक वित्त व्यवस्थापन वा राजस्व नीति तथा प्रशासन सुधार वा राजश्व सुधार सम्बन्धी कार्ययोजना तर्जुमा, अध्ययन तथा अनुसन्धान जस्ता कार्यमा कम्तिमा ३ वर्षको कार्य अनुभव भएको । साथै, राइनास नगरपालिकामा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामूलक रुपमा छलफल संचालन गर्न सक्ने ज्ञान तथा सीप भएको ।

**८. समय अवधि**

परामर्शदाता संस्थालाई कार्य सम्पन्न गर्न समय अवधि समझौता भएको मितिले २ महिनाको हुनेछ । राजस्व सुधार कार्ययोजना तर्जुमाको प्रक्रियागत चरण तथा क्रियाकलापहरु देहाय बमोजिमको हुनेछ ।

कार्य सम्पन्न गर्न लाग्ने अनुमानित समय अवधि

| क्रियाकलाप | दिन |
|---|---|
| सन्दर्भ सामग्रीको अध्ययन | ५ |
| अभिमुखिकरण तथा राजश्व सुधार योजना तर्जुमा कार्यशाला तयारी तथा संचालन | २ |
| तथ्यांक तथा सूचना संकलन र विश्लेषण | २० |
| आन्तरिक राजस्व सुधार कार्ययोजना तयारी कार्यशाला संचालन | २ |
| मस्यौदा प्रतिवेदन तयारी | १० |
| मस्यौदा प्रतिवेदन प्रस्तुती कार्यशाला संचालन | १ |
| मस्यौदा प्रतिवेदनमा राय सुझाव संकलन | १० |
| अन्तिम राजस्व सुधार योजना तथा प्रतिवेदन तयारी | १० |
| जम्मा जम्मा कार्यदिन | ६० |

राजस्व सुधार कार्य योजना निर्माणका लागि ६० कार्यदिन लाग्ने अनुमान गरएको छ ।

**९. परामर्शदाता संस्थाले बुझाउनु पर्ने प्रतिवेदन तथा कागजागतहरु**

सम्झौता भएको मितिले ६० दिन भित्र परामर्शदाताले आन्तरिक राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ। परामर्शदाताले कार्यशर्त बमोजिम आन्तरिक राजस्व सुधार कार्ययोजना तर्जुमाको काम सम्पन्न गरी तोकिएको ढाँचामा देहाय बमिजमको समय तालिका अनुसार प्रतिवेदन/प्रति (Deliverables) बुझाउनु पर्नेछ।

**क) कार्ययोजना सहितको प्रारम्भिक प्रतिवेदन :**

पालिकासँग प्रारम्भिक छलफल र अन्तरकृया पछि यस कार्यशर्त बमोजिमको कार्य सम्पादन गर्नुपर्ने मुख्य क्रियाकलापहरुको चरणबद्ध कार्ययोजनासमय तालिका ,, विधिप्रकृया ,, आवश्यक तथ्यांक संकलन गर्ने फाराम तथा सुचाङ्कसहितको प्रारम्भिक प्रतिवेदन सम्झौता गरेको मितिले ७ दिन भित्र पेश राजस्व परामर्श समिति वा कार्यदल सामु पेश गर्नुपर्नेछ।

**(ख) दस्तावेज तथा प्रतिवेदनहरु**

- संकलित सवै तथ्याङ्क
- कार्यशाला, छलफल, बैठकको उपस्थिति तथा निर्णय पुस्तिकाको प्रति
- अन्य दस्तावेजहरु

**(ग) प्रतिवेदनः मस्यौदा**

यस कार्यशर्तको कार्यक्षेत्र भित्र रहेर **गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना सम्बन्धी दिग्दर्शन२०७६,** ले तोकिएको विषय बस्तु र ढाँचामा राजस्व सुधार योजना र ३ बर्षको राजस्व प्रक्षेपण

सहितको आन्तरिक राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्झौता गरेको मितिले ४० दिन भित्र पेश गर्नुपर्नेछ ।

**(घ) अन्तिम मस्यौदा प्रतिवेदनः**

यस कार्यशर्तको विवरणसंझौताका शर्त र कार्ययोजना अनुसार विभिन्न सरोकारवालाबाट प्राप्त पृष्ठपोषणलाई समेत ध्यान दिई स्थानीय आवश्यकता, प्राथामिकता आधारमा यस पालिकाको आन्तरिक राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज सम्झौता गरेको मितिले ६० दिन भित्र बुझाउनु पर्नेछ ।

**१०. अनुगमन तथा गुणस्तर नियन्त्रणः**

परामर्शदाता संस्थाले साप्ताहिक रुपमा कामको प्रगति राजस्व परामर्श समिति वा तोकिएकी सम्पर्क व्यक्तिलाई गर्नुपर्नेछ ।परामर्श समितिबाट प्राप्त पृष्ठपोषण अनुसार परामर्शदाताले आफ्नो कामको तौरतरिका तथा प्रकृयामा समयमा नै सुधार गरी कामको गुणस्तरको सुनिश्चितता गर्नुपर्नेछ राइनास नगरपालिकाले परामर्शदाता संस्था तथा विज्ञ टिम तोकिएको कार्यशर्त बमोजिम काम भए नभएको स्थलगत अनुगमन तथा मस्यौदा प्रतिवेदनको अध्ययन गरी यस नगरपालिकामा छलफल गराई आवश्यकता अनुसार निर्णय लिने र कामको गुणस्तरको सुनिश्चित गर्न सक्नेछ ।

आन्तरिक राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा प्राप्त भएपछि उक्त मस्यौदा उपर नगरपालिकाकामा रहेको मुल्याङ्कन समितिमा छलफल गरी गुणस्तर एकिन गर्ने र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान साथै सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएको पृष्टपोषणलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार पार्नु परामर्शदाताको कर्तव्य हुनेछ।

**११. कामको स्वामित्व**

यस राजश्व सुधार कार्ययोजनाको सम्पूर्ण स्वामित्व नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा रहनेछ । यस कार्यक्रमसँग सम्बन्धित प्रतिवेदन तथा अन्य सान्दर्भिक कागजात, संकलित तथ्यांक आदिको स्वामित्व यस नगरपालिका र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा रहनेछ ।

Prakashraj Poudel
Chief Administrative Officer
Rainas Municipality
Office of the Municipal Executive
Tinpiple, Lamjung
Gandaki Provience, Nepal
2017

Prakashraj Poudel
Cheif Administrative Officer
Rainas Municipality
Office of the Municipal Executive
Tinpiple, Lamjung
Gandaki Provience, Nepal
2017

अनुसूची १

बुँदा नम्वर ६ सँग सम्वन्धीत प्रतिवेदनको ढाँचा

**परिच्छेद एक : परिचय**

१.१ पृष्ठभूमी

१.२ राजश्व सुधार योजनाको औचित्य

१.३ योजनाले राखेका उद्देश्यहरु

१.४ योजना तर्जुमा विधि र प्रक्रिया

१.५ योजनाका सीमाहरु

**परिच्छेद दुई : गाउँ/नगरपालिकाको संक्षिप्त परिचय**

२.१ नगरपालिकाको संक्षिप्त परिचय .

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था .

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था .

**परिच्छेद तीन : राइनास नगरपालिकाको राजश्व अधिकार तथा आय सम्भाब्यता**

३.१ राइनास नगरपालिकाको राजश्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था .

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

३.३ आन्तरिक राजश्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

३.३.१ स्थानीय कर राजश्व

३.३.२ गैर कर राजश्व

**परिच्छेद चार : आय संकलनको संस्थागत क्षमता तथा सङकलन अवस्था**

४.१ राजश्व परिचालन सम्बन्धी नीति

४.२ आय संकलनको संस्थागत क्षमता

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

४.४ राजश्व परिचालनमा रहेका सवालहरू

**परिच्छेद पाँच : राजश्व सुधार कार्ययोजना**

५.१ नगरपालिकाको राजश्व सुधार कार्ययोजना

**परिच्छेद छ : आगामी तीन बर्षको आय प्रक्षेपण**

६.१ राजश्व सुधार कार्ययोजनाका आधारमा राजश्व प्रक्षेपण

६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजश्व प्रक्षेपण

**परिच्छेद सात : अपेक्षित नतिजा**

**परिच्छेद आठः अनुगमन तथा मूल्याङकन**

**अनुसूचीहरु**